# राष्ट्रिय वाणिज्य वैंक लि.
## केन्द्रीय कार्यालय
## सामान्य सेवा विभाग

**सवारी साधन खरिद सम्बन्धी राष्ट्रिय स्तरको बोलपत्र आव्हानको सूचना**

*(प्रथम पटक सूचना प्रकाशित मिति:२०७३/०२/१६)*

यस बैंकको लागि आवश्यक २ थान **SUV जीप** (**2200±50** सी सी क्षमताको **डिजेल** भर्सनको १ थान तथा **1600±25** सीसी क्षमताको **पेट्रोल** भर्सनको १ थान) बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएको हुंदा उक्त सवारी साधन आपूर्ति गर्न सक्ने ईच्छूक दर्तावाला फर्म/कम्पनी/अधिकृत बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही तोकिएको म्याद भित्र यस विभाग समक्ष बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

१. यस बैंकको थापाथली स्थित शाखा कार्यालयमा आम्दानी अन्य शीर्षकको हिसाब नं ९५९९०२००० मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु. ३,०००/- ( अक्षरेपी रु.तीन हजार) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर यस विभागमा पेश गरेपछि २ थान **SUV जीप** खरिद सम्बन्धी बोलपत्र कागजात प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्र कागजात यो सूचना प्रथम पटक प्रकासित भएको मितिले **३०औं** दिन अर्थात **२०७३/०३/१३** गतेको कार्यालय समयभित्र खरिद गरिसक्नु पर्नेछ र **३१ औं** दिन अर्थात २०७३/०३/१४ गते दिनको **१२:०० बजे** सम्ममा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ सोही दिन दिनको **२:०० बजे** बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिनेछ । तर नीजहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. बोलपत्र खरिद, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र खरिद, दर्ता वा खोल्ने कार्य हुनेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

३. निम्नानुसारको कागजातहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

क) नवीकरण भएको **फर्म/कम्पनी दर्ता प्रमाणपत्र**, **VAT/PAN दर्ता प्रमाणपत्र** एवम पछिल्लो आर्थिक वर्षको **कर चुक्ता प्रमाणपत्र**

ख) कम्पनी (प्रा.लि./लि.)को हकमा **प्रवन्धपत्र**, **नियमावली**, **अध्यावधिक गरेको शेयर दर्ता किताबको श्रेष्ता**, **प्रोप्राईटर**, **साझेदार,सञ्चालकहरुको नागरिकताको प्रमाणपत्र**हरु

ग) विगत तीन आर्थिक वर्षको लेखा परीक्षण गरिएको **नाफा नोक्सान, नगद प्रवाह** तथा **वासलात**को विवरण

घ) बोलपत्रदाता **Authorized agent/dealer/supplier** भएको खण्डमा बोलपत्रदातालाई निर्माता कम्पनीले प्रदान गरेको **Agent/Dealer/Supplier** को **Authorized certificate (आधिकारीक पत्र)**

ङ) बोलपत्रदाताले विगत **५ वर्ष** भित्रमा **बैंक** तथा **वित्तीय संस्था** वा **कुनै पनि सरकारी** वा **अर्धसरकारी संस्थाहरुमा** कम्तीमा १० थान **SUV जीप** आपूर्ति गरेको प्रमाणित गर्ने कागजात ।

च) आधिकारिक गुणस्तर नियन्त्रण संस्था वा मान्यता प्राप्त सरकारी निकायबाट, स्पेशिफिकेशन र गुणको सन्दर्भमा प्रस्तावित सवारी साधनको निरीक्षण गरी सोबाट प्राप्त प्रमाणपत्र

४. बोलपत्रदाताले निम्नानुसारको थप कागजातहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

क) **कम्पनीको** हकमा बोलपत्रमा सहभागी हुन तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको **सञ्चालक समितिको निर्णय**

ख) प्रस्तावित सामानको**Manufacturing Company**ले जारी गरेको **Warranty letter** तथा **Original Catalogue/Brochure,Technical manual & operational manual**।

ग) **साझेदारी फर्मको** हकमा साझेदारहरु बीच बोलपत्रमा सहभागी हुन जनाएको सहमति पत्र ।

घ) बोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको,स्वार्थ नबाँझिएको र पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा **स्वयम घोषणा गरिएको पत्र (Self Declaration letter)**।

५. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी फर्म वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

६. आपुर्ति गरिनुपर्ने **SUV जीप** को विवरण **प्याकेज A** तथा **B** मा बिभाजित गरिएका छन् । बोलपत्रदाताले कुनै एक प्याकेजको लागि मात्रै वा दुवै प्याकेजहरुको लागि बोलपत्रमा दरभाउ पेश गर्न सक्नेछन् । बोलपत्रको मूल्याकंन प्रत्येक प्याकेजको लागि छुट्टाछुट्टै गरिनेछ । खरिद गरिएका बोलपत्र कागजातको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा बोलपत्रदाता आफैले वा बोलपत्रदाताको अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नुपर्नेछ ।

७. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको भ्याट सहितको कुल रकमको **५%** बराबरको बोलपत्र जमानत वापतको रकम बैंकको अर्नेष्ट मनी शीर्षकको हिसाव नं **१६१२००००** मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरी कम्तीमा **१२० दिन** अवधिको बोलपत्र जमानत (बिड सेक्यूरिटी/बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरि ९० दिनको हुनेछ ।

८. बोलपत्र कागजातमा संलग्न मूल्य अंकित सूची (Price schedule) मा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुंदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वत: रद्द हुनेछ ।

९. बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अगाडि बोलपत्रदाताले खरिद सम्झौता रकमको **१० प्रतिशत** बराबरको नगद धरौटी खातामा जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको परफरमेन्स ग्यारेण्टी (बैंक ग्यारेण्टी) पेश गरिसकेपछि मात्र सम्झौता गरी खरिद आदेश दिईनेछ । परफरमेन्स ग्यारेण्टीको अवधि वारेण्टी अवधि भन्दा कम्तीमा ३० दिन बढी अवधिसम्मको लागि मान्य हुने हुनुपर्दछ ।

१०. नेपाल सरकारको नियमानुसार लाग्ने कर, **रिटेन्शनमनी (१०%)** तथा अन्य प्रचलित कर समेत बिलबाट कटाई बाँकी रकम भुक्तानी दिइनेछ । रिटेन्शन वापत कट्टा गरेको रकम फिर्ता सम्बन्धमा वैंकको आर्थिक प्रशासन विनियमावली२०६८ अनुरुप हुनेछ ।

११.यो सूचनामा छुट हुन गएका अन्य शर्त एव विषयहरु बोलपत्र कागजातमा उल्लेख भए अनुसार एवम खरिद ऐन २०६३ तथा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०६८ अनुरुप हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१२.**E-bidding को माध्यमबाट पनि बोलपत्र पेश गर्न सकिने सम्बन्धमा**

क)E-biddingको माध्यमबाट बोलपत्र पेश गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल **www.bolpatra.gov.np**मा **bidder**को रुपमा **registration** गरी सो पोर्टलको **home page** मा **bidder**को रुपमा **login** गरी प्राप्त निर्देशनानुसार बोलपत्रदाताले बोलपत्रमा भाग लिन सकिनेछ ।

ख)E-bidding को माध्यमबाट पनि बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु तथा बोलपत्र फाराम वापत तिरेको दस्तुर भौचर समेत scan गरी pdf formatमा **www.bolpatra.gov.np** को यो सूचना संग सम्बन्धित खरिदको पेजमा upload गर्नुपर्नेछ ।

ग)E-bidding बाट बोलपत्र पेश गर्दा पनि तोकिएको मिति र समयभित्रै बोलपत्रupload गरिसक्नुपर्नेछ रupload भएका बोलपत्रहरु पनि तोकिएकै मिति र समयमा खोलिनेछ। Upload गरिएका कागजातहरुको सक्कलै प्रति बोलपत्र खोलेको ७ दिनभित्र बोलपत्रदाताले अनिवार्य पेश गर्नुपर्नेछ । साथै बोलपत्र खोल्ने दिन,समयमाe-bidding बाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले सक्कल बैंक ग्यारेन्टी वा नगद जम्मा गरेको भए सक्कल भौचर अनिवार्य पेश गर्नुपर्नेछ ।

घ)एकै बोलपत्रदाताले e-bidding को माध्यम वा सिलबन्दी बोलपत्र मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछन । यदि दुवै माध्यमको प्रयोग गरी बोलपत्र पेश गरेमा त्यस्तो दुवै बोलपत्र स्वत: रद्द हुनेछ ।